नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वातावरण विभाग**
बबरमहल, काठमाडौँ

# वातावरण विभागबाट वायु प्रदूषण नियन्त्रणमा भएका कार्यहरू

## १. अनुगमन निरीक्षण

आ.व. २०८१/८२ मा उद्योग प्रतिष्ठानहरूको स्थलगत वातावरणीय अनुगमनका लागि वार्षिक लक्ष्य १०० रहेकोमा १०३ वटा अनुगमन सम्पन्न गरिएको छ।

तीमध्ये १४ वटा (१३.२%) उद्योग प्रतिष्ठानहरू उजुरीका आधारमा अनुगमन गरिएका हुन्।





मापदण्ड पालना नभएका उद्योग प्रतिष्ठानहरूलाई अनुगमन पश्चात् आवश्यक राय तथा सुझावहरू प्रदान गरी सम्बन्धित निकायमा बोधार्थ पठाइएको छ।

### उद्योग प्रतिष्ठानहरूलाई अनुगमन पश्चात् दिईएका केही राय सुझावहरू यस प्रकार छन् ।

- स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन उद्योगमा राखी त्यसमा उल्लेख भएका प्रावधानहरू अक्षरशः पालना गर्ने।
- फोहोर पानी नेपाल सरकारले तोकेको मापदण्डको अधिनमा रहि मात्र निष्काशन गर्ने।
- फोहोर पानी प्रशोधन केन्द्र निर्माण गरी नियमित सञ्चालन गर्ने।
- खेर गएका र म्याद नाघेका औषधीहरूको वातावरण मैत्री व्यवस्थापन गर्ने।
- ब्वाईलरको चिम्नीको उचाई तथा चिम्नीमा जडान गरिनु पर्ने facilities तथा निस्कासन गर्ने। धुँवा नेपाल सरकारको मापदण्ड अनुरुप गर्ने।
- ब्वाईलरबाट निष्काशित खरानीको वातावरण मैत्री तवरले व्यवस्थापन गर्ने।
- ध्वनी सम्बन्धी नेपाल सरकारले तोकेको मापदण्ड पालना गर्ने।
- उद्योगबाट उत्सर्जन भएका ठोसफोहोरहरू व्यवस्थित तवरले छुट्याई सेड बनाएर राख्ने।
- प्रत्येक ६/६ महिनामा स्वःअनुगमन गरी सो सम्बन्धी विवरण विभागलाई जानकारी गराउने।
- उद्योगले जिम्मेवार कर्मचारीलाई वातावरण सम्बन्धी जिम्मेवारी तोक्ने तथा त्यस उद्योगसँग सम्बन्धित नेपाल सरकारका वातावरण सम्बन्धी ऐन, नियम, निर्देशिका तथा मापदण्डहरूलाई निरन्तर कार्यान्वयन गर्ने।

## स्वअनुगमन प्रतिवेदन क्षेत्रगत




## अनुगमन निरीक्षण सम्बन्धि तस्विरहरू










## अनुगमन गरिएका उद्योग प्रतिष्ठानहरूको




**अन्य (प्रिन्टीङ्ग, अस्पताल, खेलौना उद्योग, ए.ए.सि. ईंटा, चिनी, दाना, पाईप, पानी, प्लाष्टिक, विद्युतीय केबल, कपडा, कम्पोष्टेबल प्लाष्टिक झोला, छाला, जुता)*

## २. EIA गरेका आयोजनाहरूको वातावरणीय परीक्षण


- वातावरण संरक्षण ऐन, २०७६ को दफा १२ को उपदफा (१) बमोजिम विभाग वा तोकिएको निकायले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था रहेको छ।
- यस आर्थिक वर्ष २०८१/८२ मा कूल १० वटा आयोजनाहरूको वातावरणीय परीक्षण गर्ने लक्ष्य राखिएको थियो।
- राखिएको लक्ष्य शतप्रतिशत पूरा गरिएको छ।
- वातावरणीय परीक्षण भएका सबै आयोजनाहरूमा:
- वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित वातावरणीय व्यवस्थापन योजना अनुसारको धेरै उपायहरूमा कार्यान्वयन देखिएता पनि।
- कार्यान्वयन नभएका सवाल वा आंकलन नभएका विषयहरूको हकमा,
  - वातावरण संरक्षण ऐन २०७६ को दफा १२(२) अनुसार, प्रतिकूल प्रभाव न्यूनीकरण वा निराकरण गर्न विभागले आदेश जारी गरेको छ।

## ३. वातावरणीय प्रभाव अध्ययन गरेका आयोजनाहरूको वातावरणीय अनुगमन

- वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगरी कुनै पनि आयोजना कार्यान्वयन गर्न नपाइने तथा स्वीकृत वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।
- स्वीकृत प्रतिवेदनबिना वा स्वीकृत प्रतिवेदन विपरीत आयोजना कार्यान्वयन गरेमा सम्बन्धित निकायले त्यस्तो आयोजना रोक लगाउन सक्ने व्यवस्था ऐनमा रहेको छ।
- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३९(१) अनुसार स्वीकृत आयोजनाको वातावरणीय अनुगमन तथा निरीक्षण गर्ने अधिकार मन्त्रालय तथा विभागलाई छ।
- यस आर्थिक वर्ष २०८१/८२ मा वातावरणीय अध्ययन भएका आयोजनाहरुको वातावरणीय अनुगमन कार्यक्रम अन्तर्गत लक्ष्य ८५ रहेकोमा कूल ९३ वटा सरकारी तथा निजिआयोजनाहरुको वातावरणीय अनुगमन हासिल गरिएको छ।
- यस मध्येमा ९ वटा भवन क्षेत्रको, १० जलविद्युत आयोजना सहित १९ उर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको, ७ वटा स्वास्थ्य क्षेत्रको, एउटा खानेपानी क्षेत्रको, १४ वटा पर्यटन (होटल) क्षेत्रको तथा २८ वटा ईट्टा उद्योग सहित ४३ वटा उद्योग क्षेत्रका रहेका छन्।

- अनुगमनका क्रममा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित सीमाभन्दा बढी प्रभाव देखिएमा मन्त्रालय वा विभागले वातावरण संरक्षण नियमावलीको नियम ४५(२) बमोजिम प्रभाव न्यूनीकरणका उपाय अपनाउन प्रस्तावकलाई निर्देशन दिन सक्नेछ।
- उक्त निर्देशनको पालना गर्नु सम्बन्धित आयोजना प्रस्तावकको कर्तव्य हुनेछ।

## स्वअनुगमन प्रतिवेदन क्षेत्रगत




## अनुगमन निरीक्षण सम्बन्धि तस्विरहरू





## ४. सवारी प्रदूषण छड्के

- काठमाडौं उपत्यकाका विभिन्न स्थानमा मिति २०१/०/२० देखि २०८२/०३/१२ सम्म सवारी प्रदूषण अनुगमन (छड्के) कार्यक्रम सञ्चालन गरिएको थियो।
- सो क्रममा डिजेल इन्जिनका चार पाङ्ग्रे सवारी साधनमध्ये ९२७ वटा चेकजाँच गर्दा २८० वटा (३०.२१%) फेल र ६४७ वटा (६९.७९%) पास भएका थिए।
- फेल भएका सवारी साधनमध्ये ३२ वटा पुन: परीक्षणमा सहभागी हुँदा १ वटा फेल र बाँकी सबै पास भएका थिए।

### सवारी प्रदूषण छड्के सम्बन्धि तस्विरहरु










## ५. वायु गुणस्तर मापन केन्द्रबाट प्राप्त तथ्याङ्क विश्लेषण गरी स्थिति प्रतिवेदन तयार तथा प्रकाशन

- २०२४ जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधिमा १६ वटा रियल-टाइम AQMS बाट प्राप्त तथ्याङ्कको विश्लेषण
- $PM_{2.5}$,$PM_{10}$, TSP तथा दुई वटा AQMS का लागि ओजोन ($O_3$) का तथ्याङ्क समावेश गरिएको छ।
- भू-उपग्रह आधारित विश्लेषणका लागि HYSPLIT, Google Earth Engine (GEE)/Quantum GIS (QGIS) प्रयोग गरिएको छ।
- यस अन्तर्गत एरोसोल अप्टिकल डेप्थ (AOD) कार्बन मोनोअक्साइड (CO) तथा नाइडाइअक्साइड ($NO_2$) को स्तर मूल्याङ्कन ($NO_2$) को स्तर मूल्याङ्कन गरिएको छ।





## ६. वातावरण विभागको ५ वर्षीय Strategic Plan

वातवरण विभागको संरचनागत सुधार तथा विभागका काम कारवाहीहरुलाई आगामि ५ वर्षका लागि दिशा निर्देश गर्नका लागि वातावरण विभागबाट ५ वर्षीय रणनिति तर्जुमा भएको।

- उद्देश्य
- विभागका काम कारवाहिलाई निर्देशित गर्ने।
- संरचनागत सुधारका आवश्यकता पहिचान

## ७. सचेतनामूलक सामग्री उत्पादन तथा प्रसारण

- नेपाल टेलिभिजनबाट प्रसारण भएको वातावरण चौतारी
- मेट्रो ट्राफिक एफ. एम. जिङ्गल उत्पादन तथा प्रसारण
- रेडियो नेपालबाट जिङ्गल उत्पादन तथा प्रसारण
- विश्व वातावरण दिवस



## मेट्रो ट्राफिक एफ.एम. जिङ्गल

| क्र.स. | विवरण | प्रसारण समय<br>प्रतिपटक जम्मा समय |
|---|---|---|
| १ | आफ्नो सवारी साधनको समयमै मर्मत गराऔं, सवारी साधनको नियमित प्रदुषण चेकजाँच गरौं र सकेसम्म व्यक्तिगत सवारी साधनको साटो ठुला सार्वजनिक सवारी साधनको प्रयोग गरी वायु प्रदुषणको असर कम गर्न सहयोग गरौं। स्वस्थ वातावरण निर्माण गर्न योगदान पुऱ्याऔं। | ३० सेकेण्ड |
| २ | प्लाष्टिकको भाडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ, प्लाष्टिक जलाउँदा वायुमण्डलसमेत प्रदुषित हुने गर्छ र प्लाष्टिक कुहिँदैन, यसले जल तथा जमिनमा पनि प्रतिकूल असर पार्दछ। सकभर प्लाष्टिकको प्रयोग कम गरौं। त्यसैले प्लाष्टिकको सट्टा वैकल्पिक झोलाको प्रयोग गरौं। स्वच्छ वातावरण निर्माणमा जोड दिऔं। | ३४ सेकेण्ड |
| ३ | प्लाष्टिकको भाडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ, प्लाष्टिक जलाउँदा वायुमण्डलसमेत प्रदुषित हुने गर्छ र प्लाष्टिक कुहिँदैन, यसले जल तथा जमिनमा पनि प्रतिकूल असर पार्दछ। सकभर प्लाष्टिकको प्रयोग कम गरौं। त्यसैले प्लाष्टिकको सट्टा वैकल्पिक झोलाको प्रयोग गरौं। स्वच्छ वातावरण निर्माणमा जोड दिऔं। | ३२ सेकेण्ड |
| ४ | घर, अस्पताल, होटेल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोर उचित व्यवस्थापन गरौं। कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं। कुहिने फोहोरलाई मल बनाई प्रयोग गरौं। पुनः प्रयोग हुन सक्ने वस्तुलाई पुनः प्रयोग गरौं। जथाभावी फोहोर नगरौं तोकिएको स्थानमा मात्र फोहोर फाल्ने बानी बसालौं । | ३२ सेकेण्ड |
| ५ | ठोस तथा प्लाष्टिकजन्य फोहोर खुल्ला रुपमा जलाउँदा हानिकारक धुँवा निस्कन्छ। फोहोर जलाउँदा वायु प्रदूषण तथा स्वास्थ्यमा समेत हानि पुऱ्याउँदछ। तसर्थ कानून विपरित कार्य नगरौं। फोहोर जलाउने कार्यलाई निरुत्साहित गरौं। | २६ सेकेण्ड |
| ६ | विद्युतिय सवारी साधनको प्रयोगलाई बढावा दिएर वायु तथा ध्वनि प्रदूषण कम गर्न सहयोग गरौं। स्वच्छ वातावरण निर्माणमा जोड दिऔं। | २० सेकेण्ड |

## विश्व वातावरण दिवस

- "प्लाष्टिकजन्य प्रदूषण न्यूनीकरण: हाम्रो दायित्व भन्ने नाराका साथ वातावरण दिवस मनाउन सबै संघीय सरकार र अन्तर्गतका निकायहरु, प्रदेश सरकार, स्थानीय तह, एवं गैरसरकारी निकायहरु, सम्बन्धित सरोकारवाला र आम सर्वसाधारणमा हार्दिक अनुरोध गर्दै वातावरण विभागको वेभसाईटमा सूचना प्रकाशन गरिएको थियो।"
- वातावरण दिवस, २०२५ को अवसरमा "प्लाष्टिकजन्य प्रदूषण न्यूनीकरण: हाम्रो दायित्व" मूल विषयमा विशेष संवाद उत्पादन तथा प्रसारण

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वातावरण विभाग**
बबरमहल, काठमाडौं

**विश्व वातावरण दिवस मनाउने सम्बन्धी अनुरोध**

(प्रकाशन मितिः २०८२ जेष्ठ १९)

संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रको अग्रसरतामा सन् १९७३ देखि प्रत्येक वर्ष जुन ५ का दिन विश्वभर विश्व वातावरण दिवस मनाईदै आइरहेको छ। नेपालले पनि प्रत्येक वर्ष यस दिन विश्व वातावरण दिवस मनाउने गरेको छ। यस वर्ष (मिति २०८२/०२/२२) संयुक्त राष्ट्रसंघले **"Beat Plastic Pollution"** लाई मुल नाराका साथ मनाउन लागिएको छ भने नेपालले पनि **"प्लाष्टिकजन्य प्रदूषण न्यूनीकरणः हाम्रो दायित्व"** भन्ने नाराका साथ वातावरण दिवस मनाउन गईरहेका छ। यसै अवसरमा प्लाष्टिकजन्य प्रदुषण न्यूनीकरण, वातावरण संरक्षण र प्रवर्द्धन सम्बन्धी विविध कार्यक्रमहरु गर्दै आ-आफ्नो स्थानबाट यस दिवस भव्य र सभ्य रुपमा मनाउनका लागि नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग सबै संघीय सरकार र अन्तर्गतका निकायहरु, प्रदेश सरकार, स्थानीय तह, एवं गैरसरकारी निकायहरु, सम्बन्धित सरोकारवाला र आम सर्वसाधारणमा हार्दिक अनुरोध गर्दछ।

**वातावरण विभाग**

## स्वच्छ हावा सम्बन्धी राष्ट्रिय सम्मेलनको तस्विर




## ८. अन्तरक्रिया गोष्ठी


- नीलो आकाशका लागि अन्तर्राष्ट्रिय स्वच्छ हावा दिवस

  वातावरण विभाग (DoE) ले USAID Clean Air को प्राविधिक सहयोगमा नीलो आकाशका लागि अन्तर्राष्ट्रिय स्वच्छ हावा दिवस (International Day of Clean Air for Blue Skies) को अवसरमा ९ सेप्टेम्बर २०२४ (२०८१/०५/२४) मा “स्वच्छ हावा सम्बन्धी राष्ट्रिय सम्मेलन” आयोजना गरेको थियो।

- एशिया प्यासिफीक क्षेत्रको वायु प्रदूषण सम्बन्धी कार्यशाला गोष्ठी

काठमाडौंमा मिति २०८१/०८/२४ र २०८१/०८/२५ गते आयोजना भएको दक्षिण एशियाली क्षेत्रीय कार्यशालाले सरकारी निकायहरूलाई विज्ञानमा आधारित तथा नीतिमुखी सहयोगबारे संवाद गर्न महत्वपूर्ण अवसर प्रदान गरेको थियो। साथै, यसले ESCAP द्वारा विकास हुँदै गरेको क्षेत्रीय खुला प्लेटफर्म-जहाँ सरकार, विशेषज्ञ संस्थान, अन्तर्राष्ट्रिय संगठन तथा सञ्जालहरूले वायु प्रदूषणका चुनौती र समाधानका विषयमा विचारहरू आदान-प्रदान गर्ने कार्य भएको थियो।

## वायु गुणस्तर निगरानी स्टेशनहरू




**वातावरण विभाग**

बबरमहल, काठमाडौं, नेपाल

०१-५३२०४९७, ५३२०८३७

http://doenv.gov.np/